कार्यपालिकावाट स्वीकृत मितिः२०८१/०७/२१

# गर्भवती तथा सुत्केरीहरुलाई निःशुल्क एम्बुलेन्स सहयोग कार्यविधि २०८१

**प्रस्तावनाः**

गङ्गाजमुना गाउँपालिकावासीहरुको आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने नैसर्गिक अधिकारको प्रत्याभूती गराउँदै सुरक्षित रुपमा सुत्केरी सेवा प्रदान गर्न वातावरण तयार गरि गाउँपालिकालाई घरमा सुत्केरी शुन्य बनाउने अभियानलाई पूर्ण बनाउन साथै आमा र नवशिशुको जीवनरक्षा गराउनका लागि गङ्गाजमुना गाउँपालिकामा रहेका  गर्भवती र सुत्केरीहरुलाई निःशुल्क रुपमा एम्वुलेनन्स उपलव्ध गराउने निर्णयलाई कार्यान्वयन गर्न स्पष्ट कार्यविधि आवश्यक भएकोले नेपालको संविधान २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसूचि ८ को क्रम संख्या ९ को अधिकारहरुलाई कार्यान्वयन गर्न तथा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ र गङ्गाजमुना गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम गङ्गाजमुना गाउँकार्यपालिकाले यो कार्यविधि तयार गरेको छ।

## परिच्छेद—१

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम गर्भवती तथा सुत्केरीहरुलाई निःशुल्क एम्वुलेन्स सहयोग कार्यविधि २०८१ रहेको छ ।

ख. यो कार्यविधि गङ्गाजमुना गाउँकार्यपालिकाको बैठकवाट पास भए पछि कार्यान्वयन हुनेछ ।

**२. परिभाषाः**

क. गर्भवती तथा सुत्केरी भन्नाले गर्भवती भए देखि (महिनावारी रोकिए) वच्चा जन्माएको ४५ दिन सम्मको अवधिको महिलालाई सम्झनु पर्दछ ।

ख. एम्वुलेन्स सहयोग भन्नाले गर्भवती तथा सुत्केरीहरुलाई कुनै स्वास्थ्य सम्वन्धी जटिलता भएर स्वास्थ्य संस्था सम्म उपचारको लागि ल्याए वापत साथै उपचार पश्चात स्वास्थ्य संस्थाबाट घर सम्म एम्वुलेन्सको प्रयोग गरे वापत र स्वास्थ्य संस्थावाट चिकित्सक वा स्वास्थ्य कर्मीको सिफारिसमा उपल्लो निकायमा उपचारका लागि पठाए  वापतको एम्वुलेन्सको नियमानुसार तोकिएको भाडा वापतको रकम भन्ने वुझ्नु पर्छ ।

ग. स्वास्थ्य संस्था भन्नाले गङ्गाजमुना गाउँपालिका भित्र अवस्थित स्वास्थ्य सेवा प्रवाह गर्ने सरकारी स्वामित्वको संस्था भन्ने वुझ्नु पर्छ ।.

घ. समिति भन्नाले गर्भवती तथा सुत्केरीहरुलाई निःशुल्क एम्वुलेन्स सहयोग दिन गाउँपालिकावाट गठित सिफारिस समिति सम्झनु पर्छ ।

ङ. मन्त्रालय भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सम्झनु पर्छ ।

च. कार्यविधि भन्नाले गर्भवती तथा सुत्केरीहरुलाई निःशुल्क एम्वुलेन्स सहयोग कार्यविधि २०८१ लाई सम्झनु पर्छ ।

छ. संघीय ऐन भन्नाले स्वास्थ्य सम्वन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ ।

ज. कार्यपालिका भन्नाले गङ्गाजमुना गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

झ. प्रदेश ऐन भन्नाले स्वास्थ्य सम्वन्धी प्रदेश संसदले बनाएको ऐनलाई सम्झनु पर्छ ।

ञ. अस्पताल भन्नाले गर्भवती तथा सुत्केरीहरुलाई स्वास्थ्य सम्वन्धी जटिलता उपचारको लागि प्रेषण गरिएको अस्पताल सम्झनु पर्छ ।

**३. एम्वुलेन्स सहयोगको व्यवस्थापनः**

उपचार सहयोग रकमको लागि वार्षिक रुपमा खर्च हुने रकम प्रत्येक वर्ष गाउँपालिकाले गाउँसभावाट निश्चित रकम विनियोजित गरिने छ ।

**४. सहयोग वितरण सम्वन्धी विधिः**

क. स्वास्थ्य संस्था तथा अस्पतालले गर्भवती तथा सुत्केरी महिलालाई दिएको सेवाको विवरण खुल्ने गरि मातृ सेवा कार्डको फोटोकपी, स्वास्थ्य संस्थाको सिफारिस, एम्बुलेन्स संचालन ब्यबस्थापन समितिको नगदी रसिद र भुक्तानीको लागि निबेदन स्वास्थ्य शाखामा पेश गर्नु पर्नेछ ।

ख. मासिक रुपमा प्राप्त निवेदनहरु माथि समितिले बैठक वसी विद्यमान तोकीएको भाडा दर वापतको एम्वुलेन्स शुल्क वैठकको निर्णय पश्चात सम्वन्धीत ब्यबस्थापन समिति/व्यक्तिलाई भुक्तानी दिने व्यवस्था हुनेछ ।

ग. गर्भवती, प्रसुती तथा सुत्केरी समयमा कुनै स्वास्थ्य जटिलता भई उपचार गर्नु परेमा स्वास्थ्य संस्थावाट प्रेषण गरिएको पूर्जा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

घ. गाउँपालिका भित्र वा वाहिर संचालनमा रहेको एम्वुलेन्स उपलव्ध नभएमा स्थानिय स्तरमा उपलव्ध हुने सवारी साधनको समेत प्रयोग गर्न मिल्नेछ । तर एम्वुलेन्स सहयोग वापतको

भाडा रकम स्थान अनुसार संयुक्त एम्वुलेन्स संचालन समिति धादिङले  वा गाउँपालिकाले तोके वमोजिमको भाडा मात्र उपलव्ध गराइनेछ ।

ङ. सेवाग्राहीले तत्काल एम्वुलेन्स सहयोग वापतको रकम भुक्तानी गरेको भएमा नियमानुसार खर्च भएको रकम निजलाई शोध भर्ना दिइनेछ ।

**५. समिति गठनः**

गर्भवती तथा सुत्केरीहरुलाई निःशुल्क एम्वुलेन्स सहयोग सिफारिसका लागि गाउँपालिका स्तरमा तोकिएको सहयोग प्रदान गर्नका लागि स्वास्थ्य शाखामा सचिवालय रहने गरी देहाय वमोजिमको समिति गठन गरिनेछ ।

क. प्रमुख प्रशासकिय अधिकृतः  अध्यक्ष

ख. लेखाशाखा प्रमुखः  सदस्य

ग. स्वास्थ्य शाखा प्रमुखः सदस्य—सचिव

समितिको कार्यविवरण देहाय वमोजिम हुनेछ ।

क. समितिले प्राप्त निवेदन वमोजिम एम्वुलेन्स सहयोग रकम उपलव्ध गराउन सम्बन्धित स्वास्थ्य संस्था वा एम्बुलेन्स ब्यबस्थापन समितिले पेश गरेको निवेदन फाराम रुजु गरि सो को प्रमाणित गर्ने ।

ख. समितिले भुक्तानी गराउनको लागि आवश्यक सम्पूर्ण कागजातहरु भए नभएको एकिन गर्ने ।

ग. हरेक महिनाको अन्तिम हप्ता समितिको बैठक वसी सो अवधिमा प्राप्त निवेदन उपर निर्णय गरि भुक्तानी रकम दिने व्यवस्था गर्ने ।

घ. एम्वुलेन्स सहयोग सम्वन्धीको विस्तृत लगत तयार गरि प्रारम्भिक प्रशासनिक कार्य र अभिलेख राखि सो को प्रतिवेदन कार्यपालिका तथा सम्वन्धित निकायमा पेश गर्ने ।

## ६. अनुगमन तथा मूल्यांकन प्रक्रियाः

गंङ्गाजमुना गाउँकार्यपालिकावाट नियमित रुपमा अनुगमन तथा मूल्यांकन कार्य गरिनेछ । अनुगमन तथा मूल्यांकन पश्चात देखिएका समस्याहरुको समाधानको लागि गाउँकार्यपालिकामा आवश्यक छलफल नियमित रुपमा गरिनेछ । वार्षिक रुपमा एम्वुलेन्स सहयोग पाउनेहरुको विवरण गाउँपालिकाको सुचना पाटीमा टाँस गरिनेछ ।

## ७. एम्वुलेन्स सहयोग रकम सम्वन्धी व्यवस्थाः

यस कार्यविधिमा पर्ने एम्बुलेन्स ब्यबस्थापन समिति वा सम्बन्धित स्वास्थ्य संस्थालाई तोकिएको नियमानुसार चलन चल्तीको एम्वुलेन्स भाडा वापतको रकम उपलव्ध गराइनेछ

। आवश्यक कागजातहरु पूरा भए पश्चात समितिको वैठकको निर्णयानुसार सो सहयोग रकम उपलव्ध गराइनेछ ।

**८. उजुरी गर्ने व्यवस्थाः**

यस एम्वुलेन्स सहयोग कार्यक्रम सम्वन्धि चित्त नबुझेमा गङ्गाजमुना गाउँपालिकामा लिखित तथा मौखिक उजुरी दिन सकिनेछ । यसरी परेको उजुरी उपर आवश्यक छानविन गरि सम्वन्धित व्यक्तिलाई जानकारी गराइनेछ ।

**९. बाधा अडकाउ फुकाउनेः**

यस कार्यविधि बमोजिम गर्भवती तथा सुत्केरीहरुलाई निःशुल्क एम्वुलेन्स सहयोग रकम सम्वन्धमा कुनै बाधा पर्न गएमा वा थप व्याख्या गर्नुपर्ने भएमा गाउँपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

**१०. गङ्गाजमुना गाउँपालिकाले कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ ।**

**११. बचाउ र लागू नहुनेः**

क. यस कार्यविधिमा लेखिए जति कुरामा सोहि वमोजिम र अन्य विषयहरुको हकमा मन्त्रालयद्धारा जारी गरिएको निर्देशिका, कार्यविधि साथै प्रचलित कानुन वमोजिम हुनेछ ।

ख. संविधान, संघीय कानुन र प्रादेशिक कानुनसँग बाझिएमा यस कार्यविधिका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वत निस्क्रिय हुनेछ ।